नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

भाद्र/आश्विन २०६८ (September 2011) वर्ष १५/अङ्क १७४

## जन्म दिनको शुभकामना– प्रेरित २:१-४

**जुन १२, २०११ शनिबारका दिन नेइम ललितपुरमा श्री कर्टिस वाङले दिनुभएको प्रवचनको बाँकी अंशः** **प्रस्तुति– एल्डर दिल थापा**

तेस्रो कुरा, पवित्र आत्मा पत्रुसमाथि आउनुभयो र उनको ढुंगाको हृदयलाई खीष्टको हृदयजस्तै बनाइदिनुभयो । पत्रुस र अरू चेलाहरू जहिले पनि येशूको दाहिने र देब्रेतिर को बस्नेछ भन्ने विषयमा झगडा गरिरहन्थे (मर्कूस १०:४१) । सहायताको लागि येशूकहाँ आएका मानिसहरूलाई चेलाहरूले त्यसै फर्काइदिन्थे (मर्कूस ६:३०) । आशिषका लागि येशूकहाँ आउनबाट केटाकेटीलाई रोक्थे (मर्कूस १०:१३) । वास्तवमा उनीहरू त केवल आफ्नै उद्धारको बारेमा मात्र चासो राख्थे । मर्कूस १०:२८ मा भनेझैं पत्रुस आफ्नै बारेमा यति चासो राख्थे कि शायद उनी स्वर्गको राज्यमा पस्न पनि नालायक छन् । उनले येशूलाई भने "हेर्नुहोस् हामीले सबै छोड्यौं, र तपाईंको पछि लागेका छौं ।"

तर जब पेन्तिकोसको दिनमा पवित्र आत्मा पत्रुसमाथि ओर्लनुभयो, उनको हृदय येशूको हृदयमा परिवर्तन भयो, एउटा हृदय जुन दया र अनुग्रहले भरिपूर्ण छ । प्रेरित ३:१ मा भनिएको छ कि जब पत्रुस र यूहन्ना मन्दिरको सुन्दर भन्ने ढोकामा लङ्गडो मानिसको नजिकैबाट जाँदैथिए, त्यसलाई देखेर पत्रुसको हृदय दयाले भरियो । म निश्चयका साथ भन्न सक्छु कि पेन्तिकोसको दिनभन्दा पहिले पनि उनी यस बाटो भएर धेरैपटक हिँडेका थिए तर उनले यो मानिसलाई कहिल्यै देखेका थिएनन् । तर अहिले पत्रुस पनि यो दावी गर्छन् कि त्यस मानिसलाई दिनलाई उनीसँग सुन र चाँदी त छैन तर उनले त्यस लङ्गडो मानिसलाई बल पैदा गरिदिन्छन् र उसलाई हिँड्न सक्ने बनाउँछन्, दयाले भरिएर, येशूले झैं ! प्रेरित ५:१५ ले भन्छ कि मानिसहरूमाथि पत्रुसको छायाँमात्रै भएपनि परोस् र उनीहरू निको होऊन् भन्ने हेतुले मानिहरूले आफ्ना बिरामीहरूलाई यरूशलेमका सडकहरूमा ल्याउँथे । पवित्र आत्माले नै पत्रुसलाई परमेश्वरको चंगाईको शक्तिले शक्ति प्रदान गर्नुभएको थियो र पत्रुस येशूले जस्तै दयाले भरिएर आफूकहाँ ल्याएका बिरामीहरूलाई निको पार्न सक्थे ।

येशूले नासरतमा पृथ्वीमा उहाँको मिशनबारे घोषणा गर्नुभयो (लूका ४:१६-१९) जसै उहाँले यशैयाबाट पढ्नुभयो, "परमप्रभुको आत्मा ममाथि छ," किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ । कैदीहरूलाई छुट्काराको घोषणा गर्न र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति र परमप्रभुको प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको हो ।"

जब पवित्र आत्मा पत्रुसमाथि आउनुभयो, यो कुरा पत्रुसको पनि मिशन बन्यो र पछि गएर यही कुरा मण्डलीको पनि मिशन बन्न पुग्यो । मण्डलीको २००० वर्षको इतिहासमा मण्डलीले धेरै गलत काम पनि गरेको छ जो हामी सबैलाई थाहा छ तर अर्कातिर मण्डलीले नै आजको विश्वको रूपमा विकसित गराउन विभिन्न प्रकारले योगदान पनि पुऱ्याएको छ । यी योगदानहरूबिना आजको हाम्रो विश्व फरक विश्व हुने थियो । अर्विन स्मिथले ४०० पृष्ठले भरिएको 'हाउ क्रिष्टियानिटी चेन्जड् द वर्ल्ड' (जोन्डर्भान २००४) नामक पुस्तक लेखेका छन् र उनले मण्डलीले विश्वमा पुऱ्याएको सेवकाईको परिणामस्वरूप देखिएका धेरै परिवर्तनहरूको सूची तयार गरेका छन् । तीमध्ये दुईवटा परिवर्तनहरू शिक्षा र स्वास्थ्य उपचार हुन् ।

पहिलो शताब्दीदेखि नै शिक्षा मण्डलीको जिम्मेवारीको एक भाग बन्दै आएको छ । तर समय बित्दै जाँदा यसमा ह्रास आयो र अक्रियाशील बन्न पुग्यो । १८ औं शताब्दीमा स्कटल्याण्डमा रोबर्ट राइक्स् भन्ने खीष्टियानले शिक्षा हासिल गर्न असक्षम केटाकेटीहरूलाई शिक्षा प्रदान गर्नु आवश्यक छ भन्ने बुझेर उनीहरूलाई सण्डे स्कूलमा सिकाउने कार्यको थालनी गरे जसमध्ये कोही बालश्रममा पनि संलग्न थिए । जब यो सण्डे स्कूल स्कटल्याण्डबाट युरोपतिर फैलिँदै गयो र पछि अमेरिकासम्म नै पुग्यो तब यो आधुनिक शिक्षाको जग बन्यो ।

निश्चय नै, मण्डली १२ औं शताब्दीपछि उच्च शिक्षाको पहलकर्ता बनेको र अमेरिका र युरोपका प्रख्यात विश्वविद्यालयहरू खीष्टियान कलेजहरू नै हुन्, एशियामा मिशनेरीहरू आएर स्कूल र विश्वविद्यालयहरू खोले । यी विश्वविद्यालयहरूले नयाँ पिंढीका विद्यार्थीहरूलाई शिक्षा दिने काम गरे जोहरू परिवर्तन र विकासका कारकहरू बनेका छन् । ३६० इ. सम्बतमा मण्डलीले पहिलो अस्पताल स्थापना गऱ्यो; ४०० वर्षपछि मात्रै अरबी देशहरूले अस्पतालहरू बनाउन थाले । एशियामा मिशनेरीहरूले उन्नाइसौं शताब्दीमा मात्र अस्पतालहरूको थालनी गरे । म यस्ता धेरै उदाहरणहरू दिन सक्छु । तर मैले तपाईंहरूसँग बाँड्न चाहेको विषय चाहिँ मण्डली हो, पत्रुसको दिनदेखि नै मण्डली खीष्टको हृदयअनुसारको, दयाको हृदय जो चाहिँ पेन्तिकोसको दिनमा पवित्र आत्मा आउनुभएको परिणामस्वरूप स्थापना भएको थियो । संसारका मानिसहरूले खीष्टको सुसमाचारको अनुभव पहिले मण्डलीले प्रदान गरेको सेवकाईद्वारा प्राप्त गरे र पछिमात्र येशू प्रभुलाई चिने ।

अस्सीका सन्तफ्रान्सिसले भनेका छन् "सुसमाचार सधैं प्रचार गर आवश्यक परेमा मात्र शब्दको प्रयोग गर ।"

दु:ख मान्दै र अभाग्यवश, पश्चिमी मुलुकमा भएको राजनैतिक कारणहरूले विगत ३ शताब्दीसम्म मण्डली बिस्तारै राज्यबाट अलग हुन पुगेको छ, छेउतिर पन्छाइएको छ र मण्डली एउटा मनोरञ्जनको केन्द्र बन्न पुगेको छ । खीष्टियान हुनु व्यक्तिगत कुरा हो, यसको चर्चा कार्यक्षेत्रहरूमा, स्कूलहरूमा अब गरिनु हुँदैन भन्ने सोच पश्चिमेली मुलुकहरूमा राखिन्छ । कारणवश, हामी खीष्टियानहरूले पनि यो विश्वास गर्न थालेका छौं कि मण्डलीका कुरा त मण्डलीका पर्खालभित्रमात्र सीमित राखिनुपर्छ र मण्डलीभित्रका कामहरूमात्र पवित्र छन् मण्डलीमा काम गर्ने व्यक्तिमात्रै सन्तहरू हुन् र मण्डलीबाहिरको जगत फरक विश्व हो ।

म तपाईंहरूलाई यो भन्न चाहन्छु कि यो सेक्युलर भन्ने शब्द पहिले रोमन क्याथोलिक मण्डलीहरूमा मात्र चलाइन्थ्यो पूजाहारीको अर्थ दिन जसमा पाष्टर र डीकनहरू पनि पर्थे जो गुम्बाहरूमा बस्दैनथे तर समाज सेवामा तल्लिन रहन्थे । तर पनि तिनीहरू मण्डलीको सेवकाईको एक भाग नै थिए । निश्चय नै, आज सेक्युलर भन्ने शब्दले मण्डलीको विपरीत शब्द जनाउँछ र हाम्रो विश्वाससँग यसले कुनै सरोकार राख्दैन । जोन वेस्ली १८ औं शताब्दीका मेथोडिष्ट चर्चका प्रचारक र संस्थापक हुन्, उनलाई सम्वाददाताले एकपटक उनको मण्डली कहाँ छ ? भनेर सोधेका थिए किनकि अरू मानिसहरूले झैं मण्डलीभित्र प्रचार गर्नुको

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | |
|---|---|---|---|---|---|---|
| **मिति** | **ज्ञानेश्वर** | **नगरकोट** | **सिर्जनानगर** | **ललितपुर** | **पनौती** | **गुरूजुधारा** |
| **भाद्र २४ गते सेप्टेम्बर १० ता.** | पाष्टर रोबर्ट कार्थक<br>पाष्टर सामुएल कार्थक<br>" | डीकन<br>मान बहादुर मगर | पाष्टर<br>आइलिन लीम | श्री<br>विल आश्वेल | पाष्टर<br>दफ्तन सादा | पाष्टर<br>बि.बि. खवास |
| **भाद्र ३१ गते सेप्टेम्बर १७ ता.** | पाष्टर<br>अशोक मुखिया | डीकन<br>सुरेश पुरकोटी | डीकन<br>बाघमान तामाङ्ग | एल्डर<br>सिमोन खालिङ | एल्डर<br>श्रीलक्ष्मी सैंजु | श्रीमती<br>सावित्री राई |
| **आश्विन ७ गते सेप्टेम्बर २४ ता.** | एल्डर<br>सामुएल क्षेत्री | एल्डर<br>पूर्ण सुनुवार | एल्डर<br>दिनेश न्यौपाने | पाष्टर रोबर्ट कार्थक<br>डी. श्याम कृष्ण रंजित | एल्डर<br>रूबेन श्रेष्ठ | श्री<br>भिम खालिङ |
| **आश्विन १४ गते अक्टोबर १ ता.** | पाष्टर सामुएल कार्थक<br>पाष्टर रोबर्ट कार्थक<br>" | **संयुक्त सेवा – ज्ञानेश्वर चर्च** | | पाष्टर<br>राजेन्द्र रोंगोंग | श्री<br>प्रेम बहादुर ठकुरी | पाष्टर<br>रोल्याण्ड रोंगोंग |

सट्टा वेस्लीले खुल्ला ठाउँहरू र सडकका कुनाहरूमा प्रचार गर्दथे । उनले संसारलाई एउटा प्रख्यात उत्तर दिए जुन आजसम्मका बाइबल कलेजका सबै विद्यार्थीहरूलाई थाहा छ । उनले भनेका थिए, संसार नै मेरो मण्डली हो ।

जब-जब म यसबारे विचार गर्छु मलाई प्राथमिक पाठशालामा हुँदा मैले गाउने गरेको गीतको सम्झना आउँछ, "यो मेरो बुवाको संसार हो (माल्ब्राई डि. ब्याबकक, १९०१) ।

यो मेरो बुवाको संसार हो । मैले यसलाई कहिल्यै नबिर्सूं गलत कुरा यति मजबुत देखिए पनि अझै पनि परमेश्वर यसको शासक हुन् । यो मेरो बुवाको संसार हो:मेरो हृदय किन अफशोस होस् ? प्रभु नै राजा हुनुहुन्छ, स्वर्गले स्वर निकालोस् ! परमेश्वर शासन गर्नुहुन्छ, पृथ्वी आनन्दित होस् ।

मेरो प्यारा दाजुभाइ, दिदीबहिनीहरू पिताको संसार कहाँ छ भनेर थाहा पाउन हामीले परमेश्वर पिता सबै थोकका सृष्टिकर्ता हुनुहुन्छ र उहाँले सारा विश्वमाथि शासन गर्नुहुन्छ भनी विश्वास गर्छौं भने यो संसार पिताको संसार हुनेछ र सबैथोक, सबै कामहरू र हाम्रा कार्यक्रमहरूका सबै पक्षहरू परमेश्वरका लागि सेवाहरू गनिनेछन् । तर मण्डली र बाह्य जगत (सेक्युलर) भन्ने कुनै कुरा नै रहँदैन । यो खालि ती मानिसहरूको विचार हो जसले मण्डलीलाई बाहिरी जगतभन्दा अलग्गै राख्न चाहन्छन् र हामीलाई महसुस गराउन कोशिश गर्छन् कि आफूलाई मण्डलीका चार पर्खालभित्र सीमित राख्नेहरू मात्र सन्त र पवित्र मानिसहरू हुन् ।

दोस्रो विश्व युद्धपछि बेलायतका धेरै मण्डली भवनहरू विनाश गरिए र मण्डलीले धेरै भवनहरू जीर्णोद्धार गर्ने प्रयत्न गऱ्यो । एक दिन कान्टबेरीका आर्क विशपले लण्डनमा अवस्थित सन्त पावल क्याथेड्रलको मर्मत कार्य हेर्दै थिए । उनले मण्डली भवनको माथितिर दुई जना ज्यामीले गाडामा मालसामान ओसार्दै गरेका देखे । उनी त्यतैतिर गएर एकजनालाई सोधे, 'तपाईं के गर्दै हुनुहुन्छ ?' त्यस मानिसले जवाफ दियो, "मैले यो गाडा धकेल्दैछु ।" त्यसपछि उनी अर्को मानिसतिर बढेर गए र त्यही प्रश्न उसलाई सोधे । त्यो मानिस रोकियो र भन्यो, "मैले परमेश्वरको भवन निर्माण गर्दैछु ताकि निर्माण कार्य सिद्धिएपछि परमेश्वरका जन यहाँ आएर उनको आराधना गर्न सकून्, म यसका लागि अति उत्सुक छु ।"

मेरा प्यारा दाज्युभाइ दिदीबहिनीहरू हामी के गर्छौं त्यो महत्त्वपूर्ण छैन तर कसरी र किन गर्छौं त्यसले नै हाम्रो कामलाई पवित्र पार्छ । मण्डलीले इतिहासभरि नै सेवा गर्दै आएको छ र स्वास्थ्य उपचार, शिक्षा आदि कुराद्वारा संसारमा विकास कार्यमा योगदान पुऱ्याउँदै आएको छ । कसैले यो काम पवित्र छैन र यो जिम्मेवारी मण्डलीको होइन भन्यो भन्दैमा यसो गर्नबाट पछि हट्न हामीलाई कुनै कारण नै छैन । हाम्रो देश र समाजलाई परिवर्तन र रूपान्तरण चाहिएको छ र हामी सबैजना यस परिवर्तनको भाग हुनुपर्छ र समाजको अंगका रूपमा परमेश्वरले दिनुभएको जिम्माको काम पूरा गर्नुपर्छ । परिवर्तन होस् भनेर प्रार्थना गर्न पनि जरूरी छ तर त्यो भन्दा पनि महत्त्वपूर्ण कुरा प्रार्थना गरिसकेपछि हामीले आफूलाई समाजमा परिवर्तन ल्याउने मानिसका रूपमा आफैलाई परमेश्वरमा सुम्पनु पर्छ ।

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समयः विहान | स्थान | समयः विहान | स्थान |
|---|---|---|---|---|---|
| **आराधना सेवा** | **शनिबार** | ७:३०, ९:३० र ११:३० बजे | ज्ञानेश्वर | १०:३० बजे | सिर्जनानगर, नगरकोट |
| | | ९:०० बजे र ११:३० बजे | ललितपुर | | पनौती, गुरुजुधारा |
| | | ८:०० बजे र ११:०० बजे | गोंगबूँ | | रानीपौवा, साहुगाउँ |
| | | १०:३० बजे | जोरपाटी | | जहरसिंह पौवा, गाम्छा र सुन्दरीजल |
| **आत्मिकी तथा चंगाई सेवा** | | महिनामा एक पटक | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, गोंगबू, नगरकोट, सिर्जनानगर भक्तपुर, गाम्छा, सुन्दरीजल | | |
| **घरेलु संगति** | **बुधबार, बिहीबार, शुक्रबार साथै हाप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू** | | | | |
| **प्रार्थना सभा** | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, मीनभवन, कपन | | |
| | आइतबार | बेलुकी ६:०० बजे | लिपिकोट | | |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, गोंगबूँ, पनौती सिर्जनानगर | | |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला) | | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैसेपाटी | | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ | | |
| | शुक्रबार | बिहान ६:०० बज | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, कमलाक्षी, कालीमाटी गाम्छा र सुन्दरीजल | | |
| | शुक्रबार | दिउँसो ३:०० बजे | पनौती | | |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | | |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा | साहुगाउँ |
|---|---|---|---|---|---|---|---|
| **भाद्र २४ गते सेप्टेम्बर १० ता.** | पाष्टर एल.पी. न्यौपाने | श्री अमृत लामा | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | **संयुक्त सेवा** पाष्टर रोबर्ट कार्थक | श्री कुमार सेन्चुरी | श्री दिल मान तामाङ्ग |
| **भाद्र ३१ गते सेप्टेम्बर १७ ता.** | पाष्टर महेश थाँजु | एल्डर दानिएल सापकोटा | **संयुक्त सेवा – जोरपाटी चर्च** | | पाष्टर बर्णबास श्रेष्ठ | डीकन बेन्जामिन तामाङ्ग | श्री धन बहादुर तामाङ्ग |
| **आश्विन ७ गते सेप्टेम्बर २४ ता.** | एल्डर पासाङ्ग डेविड शेर्पा | एल्डर जमान तामाङ्ग | एल्डर दानिएल सापकोटा | एल्डर गोपी राई | डीकन जिल्बर्ट मिशो | श्री कुमार सेन्चुरी | श्री दिल मान तामाङ्ग |
| **आश्विन १४ गते अक्टोबर १ ता.** | पाष्टर सामुएल कार्थक | एल्डर पासाङ्ग डेविड शेर्पा | एल्डर गोपी राई | एल्डर अष्ट श्रेष्ठ | पाष्टर एल.पी.न्यौपाने | **संयुक्त सेवा गोंगबूँ चर्च** | श्री धन बहादुर तामाङ्ग |

पवित्र आत्मा पत्रुसमाथि आउनुभयो र उनको हृदय परिणत भयो, दया र अनुग्रहले पूर्ण भएर पत्रुसले समुदायको सेवा गर्दै भर्खर जन्मेको मण्डलीको अगुवाई गर्दछन् ।

विगत केही वर्षभित्र नेपालका मण्डलीहरूमा वृद्धि आइरहेको छ । हामीले राम्रा-राम्रा मण्डली भवनहरू देखेका छौं, उद्देकको पाष्टरहरूको समूह छ, अचम्मका खीष्टियान कार्यक्रमहरू छन्, धेरै सुधारहरू आएका छन्, स्तुति आराधनामा अगुवाई गर्ने राम्रो क्वायर भुण्ड छ र नेपालका मण्डलीहरूमा धेरै सुधारहरू आएका पनि छन् । यसो हुँदाहुँदै पनि हामी कुनै न कुनै रूपमा पश्चिमेली मण्डलीहरू जस्ता पो हुँदै छौं कि ? सबैभन्दा महत्त्वपूर्ण कुरा हामीले खीष्टको मण्डलीको रूपमा हामी को हौं र हाम्रो जिम्मेवारी के हो सो बिर्सनु हुँदैन । पवित्र आत्माले हामीलाई भरून् र शक्ति प्रदान गरून् र हामी बुवाको संसारमा सेवा पुऱ्याउन सकौं ।

मेरो प्यारा दाज्युभाइ दिदीबहिनीहरू जन्म दिनको शुभ कामना ! हामी सबैजना एकपटक फेरि पवित्र आत्माद्वारा भरिन सकौं जसले गर्दा हामी पापीबाट सन्तमा, मूर्खबाट बुद्धिमानमा र ढुंगाबाट खीष्टको हृदयमा परिवर्तन हुन सकौं ।

## प्रार्थनाको अनुरोध

आदरणीय पाष्टर गुरुबा रोबर्ट कार्थक भाद्र २८-३१ गते/सेप्टेम्बर १४-१७ तारिकसम्म हङ्गकङ्गमा आयोजना गरिएको हिमाली २०११ नेपाली इसाई शिखर सम्मेलनमा वचनको सेवकाईको लागि जाँदैहुनुहुन्छ । उहाँको सेवकाई र यात्राको लागि प्रार्थना गरिदिनुहुन अनुरोध गर्दछौं ।

## सेप्टेम्बर महिनाको कार्यक्रम

आश्विन १ गते/सेप्टेम्बर १८ ता. आइतबार बिहान १०:०० बजे **महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा

## जानकारी

१. श्रावण २१ गते/अगष्ट ६ ता. शनिबार नेइम गोंगबूँ मण्डलीमा २१ जना विश्वासीहरूले समर्पण गर्नुभयो ।

२. श्रावण २७ गते/अगष्ट १२ ता. जोरपाटीको संयुक्त सेवाको दिन जोरपाटीको ११ जना, गाम्छाको ५ जना, सुन्दरीजलको ८ जना र जहरसिंहको ५ जना गरी जम्मा २९ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

३. श्रावण २९ गते/अगष्ट १४ ता. आइतबार नेइम ज्ञानेश्वर मण्डलीमा १९ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

४. श्रावण ३० गते/अगष्ट १५ ता. सोमबार नेइम गोंगबूँ मण्डलीमा १९ जना र भदौ ५ गते/अगष्ट २२ ता. सोमबार १ जना गरी जम्मा २० जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

५. भदौ ३ गते/अगष्ट २० ता. शनिबार नेइम जोरपाटी मण्डलीमा १५ जना बालबालिकाहरूको बाल अर्पण भयो ।

६. भदौ ३ गते/अगष्ट २० ता. शनिबार नेइम नगरकोट मण्डलीमा ८ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

इमाडोल बस्नुहुने **श्री डोल्मा शेर्पा** श्रावण १० गते/जुलाई २६ ता. मंगलबार प्रभुमा सुत्नुभयो ।

धापासी बस्नुहुने **श्रीमती बाल कुमारी भुजेल** ८४ वर्षको उमेरमा श्रावण २० गते/अगष्ट ५ ता. शुक्रबार प्रभुमा सुत्नुभयो ।

## प्रार्थनाका विषयहरू

१. भदौ २८-३१ गते/सेप्टेम्बर १४-१७ ता. हङ्गकङ्गमा हुने हिमाली २०११ नेपाली इसाई शिखर सम्मेलनमा वचनको सेवकाई गर्नुहुने सम्पूर्ण अगुवाहरूको लागि साथै सहभागी हुनुहुने सबैको लागि प्रार्थना गरिदिऔं ।

२. पानीको बप्तिस्मा लिनुभएका विश्वासीहरू र ग्रहण गर्नुभएका नयाँ विश्वासीहरूको लागि चाडपर्वको दिनहरूमा परमेश्वरमा स्थिर रहनको लागि अनुग्रह मागिदिऔं ।

३. शरद सम्मेलनको समयमा नेइमका ९० वटा शाखा/आवद्ध मण्डलीहरूमा वचनको सेवकाई र संगति दिन मण्डलीबाट जानुहुने २५० जना विश्वासीहरूको सेवकाई, यात्रा, खर्च, सुरक्षा तथा सबै कुराको लागि प्रार्थना गरिदिऔं ।

४. नेइमअन्तर्गतका सबै मण्डलीहरू साथै नेपाल अधिराज्यभरि हुने शरद सम्मेलन तथा सेवा संगतिहरूमा परमेश्वरको आशिष मागिदिऔं ।

५. बाँडिएका सुसमाचारका पर्चाहरू पाएका व्यक्तिहरूले ध्यानसित पढ्ने इच्छा भएको र पढ्दा उहाँहरूको हृदयमा पवित्र आत्माले नै सत्यता बुझ्ने अनुग्रह दिऊन् ।

६. प्रधानमन्त्री, मन्त्री मण्डल, विभिन्न प्रशासनिक निकायहरू, सुरक्षा तथा न्यायिक पदाधिकारी, सांसद, सबै राजनैतिक दलका नेताहरू, नागरिक समाज तथा मानव अधिकारका अगुवाहरू सबै एकता, मेलमिलाप र समझदारीमा रहि देशलाई ठीक प्रकारले डोऱ्याउन सकून् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार Sunday** | १८ 4<br>वचनको वचनको सेवकाई गर्नुहुने सेवक/सेविकाहरूको लागि आशिष मागिदिऔं ।<br>**१ कोरिन्थी २:४-५, १३** | २५ 11<br>खीष्ट प्रभुबाटको मुक्ति र सित्तैंको उद्धारको सुसमाचार सुन्नुभएकाहरू साथै सुनी ग्रहण गर्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>**गलाती ४:१-७** | १ आश्विन 18<br>नेपाल देशका सबै जिल्लाहरूमा सुसमाचार प्रचारिन सकून् र अनुग्रहको समयमा नै सबैले उद्धार पाउन सकून् ।<br>**यशैया ४५:१८-२५** | ८ 25<br>नेपालका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि प्रार्थना गरिदिऔं<br>**भजनसंग्रह २३:१-६** |
| **सोमबार Monday** | १९ 5<br>मण्डलीमा भइरहेको बिहानको प्रार्थना सभाहरू साथै अन्य ठाउँहरूमा पनि भइरहेको प्रार्थना सभाहरूमा अझ जागृति मागौं ।<br>**यशैया ६२:६-१०** | २६ 12<br>चाडपर्वको समयमा अधुरा परिवारमा हुनुभएका विश्वासीहरूलाई निरास गराउने सबै प्रकारका सतावट र संकष्टमा स्थिर भई प्रभुमा रहिरहन सकून् ।<br>**यूहन्ना १५:१८-१९** | २ 19<br>सेवा संगतिदेखि टाढिएकाहरू र प्रभुको प्रेमलाई चाखेर फेरि संसारतिर फर्केर गएकाहरू साँचो पश्चात्तापी भएर प्रभुमा फर्कन सकून् ।<br>**यशैया ५७:१५-१९** | ९ 26<br>रोगी-बिरामी, चिन्ता-फिक्री, अभाव, घटी-कमी, ऋण, मुद्दा-मामिला साथै अन्य समस्याहरूमा परेकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>**भजनसंग्रह ४६:१-११** |
| **मंगलबार Tuesday** | २० 6<br>पूर्णकालिन सेवक/सेविकाहरूले अझ बोझ, दर्शन, समर्पणता र पवित्र आत्माको अभिषेकमा सेवकाई गर्दैजान सकून् ।<br>**यूहन्ना १५:१६** | २७ 13<br>हामी सबै विश्वासीहरू सधैं परमेश्वरको इच्छाअनुसारको जीवन जिउनेहरू हुँदै जान सकौं ।<br>**भजनसंग्रह १४३:१०** | ३ 20<br>यी आखिरी दिनहरूमा संसारका धेरै निरास गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून् ।<br>**१ पत्रुस २:९-१२** | १० 27<br>मण्डलीका विश्वासीहरू झूठा शिक्षा र शिक्षकको पछि लाग्नबाट पवित्र आत्मा परमेश्वरले नै जोगाऊन् ।<br>**२ यूहन्ना ७-१०** |
| **बुधबार Wednesday** | २१ 7<br>घरेलु संगतिका सबै अगुवाहरूले आफ्नो झुण्डलाई हुर्काउने-बढाउने काम पवित्र आत्माको सहायताद्वारा अझ उत्साहसाथ गर्दै जान सकून् ।<br>**रोमी १२:११-१३** | २८ 14<br>मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको लागि सबैजना बोझसहित लागिपर्न सकौं ।<br>**१ कोरिन्थी ३:६-९** | ४ 21<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाईको लागि जानुभएकाहरूको सेवकाई, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>**यशैया ४५:१-७** | ११ 28<br>प्रभु येशूलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र नभइ परिपक्वतातिर पनि बढ्दै जानेहरू हुन सकून् ।<br>**एफिसी ४:१२-१७** |
| **बिहीबार Thursday** | २२ 8<br>मण्डलीका सबै बा, दाजुभाइहरू घर परिवारमा उदाहरण भएर परिवारलाई प्रभुमा डोऱ्याउनेहरू हुन सकून् ।<br>**हितोपदेश १४:२५-२७** | २९ 15<br>प्रत्येक परिवारमा श्रीमान्/श्रीमती छोराछोरी र बाबु आमाबीचको असल सम्बन्धले खीष्ट प्रभुलाई महिमा दिन सकून् ।<br>**एफिसी ५:२२-२३,२५,२८, ६:१-४** | ५ 22<br>बाल संगतिका बालबालिकाहरूको आत्मिक जीवनको साथै पढाई, स्वास्थ्य, सुरक्षा तथा अन्य क्षेत्रमा प्रशस्त आशिष मागिदिऔं ।<br>**यशैया ६१:९** | १२ 29<br>सबै जवानहरू सांसारिक अभिलाषा र परीक्षाबाट सधैं अलग रहन पवित्र आत्मा परमेश्वरले नै सधैं सहायता गरून् ।<br>**कलस्सी १:९-१३,३:१३** |
| **शुक्रबार Friday** | २३ 9<br>प्रत्येक शनिबारको आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचनमा आज्ञाकारी हुँदै जानको लागि पवित्र आत्माको सहायता मागौं ।<br>**याकूब १:२२-२५** | ३० 16<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं आत्माको तयारीमा आउन सकौं ।<br>**उपदेशक ५:१-६** | ६ 23<br>मण्डलीलाई प्रशस्त आशिषमा डोऱ्याउनुहुने साथै आशिषको कारण बनाउनुहुने परमप्रभु परमेश्वरलाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकौं ।<br>**व्यवस्था ८:७-१८** | १३ 30<br>सारा विश्वव्यापी मण्डलीहरू पनि संख्यात्मक वृद्धि, आत्मिक जागृति साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>**प्रेरित २:४२-४७** |
| **शनिबार Saturday** | २४ 10<br>अभाव, चिन्ता, समस्या, बेरोजगारमा भएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>**१ पत्रुस ५:७** | ३१ 17<br>भोलि हुने उपवास प्रार्थनाद्वारा मण्डली, देश र देशबाहिर पनि परमेश्वरको राज्यको वृद्धि भएको होस् ।<br>**यूहन्ना १४:१२-१४** | ७ 24<br>विभिन्न देशहरूमा पढाई, काम-व्यवसाय तथा अन्य कारणले जानुभएकाहरूको सुरक्षा र सबै कुरामा आशिष मागिदिऔं ।<br>**भजनसंग्रह १७:५-८** | १४ October 1<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा साथै अन्य सेवा संगतिहरूमा यथाशक्य मण्डलीले भाग लिन सकून् ।<br>**भजनसंग्रह २६:२-८, २७:४** |

**आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख् । र तेरो आफ्नै समझशक्तिमा भर नपर् आफ्ना सारा मार्गमा उहाँलाई सम्झी, र उहाँले तेरा मार्गहरू सोझा तुल्याइदिनुहुनेछ ।**

**हितोपदेश ३:५-६**

**तैंले गर्ने जुनसुकै कुरा परमप्रभुलाई सुम्पिदे, र तेरा योजनाहरू सफल हुनेछ ।**

**हितोपदेश १६:३**

**...मलाई पुकार्, र म तँलाई जवाफ दिनेछु र तैंले नजानेका गहिरा र गुप्त कुराहरू म तँलाई बताउनेछु ।**

**यर्मिया ३३:३**


प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४८२५/४४१२१६२ Email:nim@wlink.com.np, www.nim.org.np